# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (वर्दघाट,सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

२०७७ को शुभ दीपावली, नेपाल सम्वत ११४१ तथा छठ पर्वको उपलक्ष्यमा देश विदेशमा रहनुभएका देवचुली नगरवासी महानुभावहरुमा शु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यस वर्ष कोरोना भाइरस कोभिड-१९ को महामारीबाट हामी सवै पूर्ण रुपमा प्रभावित भएका छौं । यसले समुदायका प्रत्येक व्यक्तिहरुलाई अपुरणीय क्षति पुऱ्याउदै आएकोमा कोभिड -१९ को महामारीबाट सकेसम्म कम क्षति पुगोस् भन्ने उद्देश्यले हालै कोभिड-१९ अस्थायी अस्पतालको स्थापना गरी कोभिड संक्रमितलाई थप उपचारको व्यवस्था मिलाइएको व्यहोरा अवगत नै छ । यसको उपचारको लागि हालसम्म कुनै पनि औषधि पत्ता नलागेकोले यसबाट बच्ने एकमात्र उपाय सचेत रहनु मात्रै भएकोले दीपावलीको यस अवसरमा शुभ-कामनाका दुई शब्द सहित निम्नानुसारका उपायहरु अबलम्वन गर्नु गराउनुहुन सवै नगरवासी महानुभावहरुमा हार्दिक अपिल गरिएको छ ।

१, दीपावली पर्व पराम्परागत रुपमा देउसी, भैलो खेल्ने, सांस्कृतिक कार्यक्रम संचालन गर्ने गरिदै आएकोमा यस वर्ष यस्ता कुनै पनि कार्यक्रम संचालन नगरी आ-आफनो घरमा दीपावली र भाइटिका लगाएर सुरक्षित रही पर्व मनाऔं ।

२, जुवा,तास खेल्ने व्यक्तिको खराव आदतबाट कोभिडको संक्रमण फैलिने र सामाजिक बिक्रिति बढ्ने भएकोले यस्ता गतिविधिमा संलग्नलाई पक्राउ गरी कारवाही गर्न साधा पोशाकमासमेत सुरक्षा कर्मीहरु खटिइएकोले त्यस्तो कार्य नियन्त्रणका लागि सुरक्षा निकायमा जानकारी दिई सहयोग गरौं ।

३, हरेक आर्थिक वर्षको मंसीर सम्मको अवधि विभिन्न सहकारी, वित्तीय,कृषिसमूह,धार्मिक,शैक्षिक संघ-संस्थाहरुको साधारण सभा गर्ने समयावधि भएकोले यस्ता कार्यक्रम संचालन गर्दा संक्रमित रोगबाट बच्ने सुरक्षित विधि अपनाइ नेपाल सरकारले तोकेको भर्चुअल विधि तथा प्रतिनिधिमूलक नेतृत्व बिधि अपनाइ २५ जना भन्दा बढी संख्यामा सहभागी नबनौं ।

४, कुनै संघ-संस्थाका विधान अनुसार २५ जना भन्दा वढी सदस्यभेला हुनुपर्ने अनिवार्य अवस्था देखिन आएमा जिल्ला प्रशासन कार्यालयबाट अग्रिम अनुमती लिएर मात्र सभा,गोष्ठी,सम्मेलन जस्ता कार्यक्रम संचालन गरौं ।

५, सा-साना बालबालिका,दीर्घरोगी नियमित औषधिखाने व्यक्तिहरुलाई यसको असर छिटो देखिने हुंदा बालबालिका, बृद्ध र अशक्तहरुलाई बिशेष हेरचाह गरौं ।

६, चिसोको सिजन आइरहेको र यसको प्रभाव झनै बढी पर्न सक्ने हुंदा यसबाट बच्नकालागि समयमै सचेत बनौं ।

७, सामान्य मौसमी रुघा खोकी भन्दा फरक खालका लक्षणहरु देखिदै गएमा वा स्वास्थ्यमा थप समस्या देखिने अवस्था आएमा नजिकको स्वास्थ्य संस्थामा संपर्क गरौं । यस नगरपालिकाबाट साप्ताहिक रुपमा लक्षण देखिएका विरामीहरुका लागि सम्भव भएसम्म पि.सि.आर.परीक्षण गरिने गरिएकोले स्वास्थ्यकर्मीहरुसंग सम्पर्क गरी पि.सि. आर.परीक्षण गराऔं ।

२०७७ कार्तिक २८ गते

०७/२८
(पूर्णकुमार श्रेष्ठ)
नगर प्रमुख

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख